सरुमारानी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
५ नं. प्रदेश, नेपाल

## शिलवन्दी दरभाउ पत्र आव्हान गरिएको सूचना ।

**प्रथम पटक प्रकाशित मिति :- २०७४/१२/०१ गते**

चालु आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाँउपालिकाको लागि आवश्यक स्मार्टबोर्ड, प्रोजेक्टर (मल्टीमिडिया) र ल्यापटप सार्वजनिक खरिद ऐन, २०६३ को (पहिलो संशोधन) दफा ८ को उपदफा १ (क३) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख बमोजिम दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले मु.अ.करमा दर्ता भएका, स्थायी लेखा नं. प्राप्त गरेका र आ.व. २०७३/०७४ को कर चुक्ता गरेका इच्छुक फर्म, कम्पनि, सप्लायर्स, आपूर्तिकर्ताले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउ पत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ मालसामानको विवरण :-

| सि.नं. | सामानको विवरण | प्रति १ को मूल्य (मु.अ.क.समेत) | दरभाउपत्र फाराम दस्तुर | दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउ पत्र खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८४ ईन्च स्मार्टबोर्ड | | | | | |
| २ | प्रोजेक्टर (मल्टीमिडिया) | | १०००।- | २०७४/१२/१५ | २०७४/१२/१६ दिनको २ वजे । | |
| ३ | ल्यापटप | | | | | |

२ शिलवन्दी दरभाउ पत्रको फाराम यस कार्यालयको प्रशासन शाखाबाट नियमानुसार लाग्ने दस्तुर (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

३ दरभाउ पत्रदाताले शिलबन्दी दरभाउ पत्रको साथमा नविकरण गरेको फर्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.२०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत साथै पेश गर्नु पर्नेछ । स्वीकृत भएका दरभाउ पत्रदाताले सम्झौता गर्न आँउदा उक्त प्रमाणपत्रहरुको सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनु पर्नेछ ।

४ खरिद गरिएको दरभाउ पत्रको फाराम सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात २०७४/१२/१६ गते दिनको २ : ०० वजे दरभाउ पत्रदाता वा निजले अख्तियार गरेको प्रतिनिधिको रोहवरमा (उपस्थित नभए पनि) यस कार्यालयमा खोलिनेछ र सो दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट सोही समयमा खोलिनेछ ।

५ दरभाउ पत्र सम्वन्धि सम्पूर्ण कामकारवाही सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रीत नपुगेको र म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

६ दरभाउ पत्र पेश गर्ने फर्म, कम्पनि, सप्लायर्स, आपूर्तिकर्ताहरु यस कार्यालयमा नियमानुसार सूची दर्ता भएको हुनु पर्नेछ । सूची दर्ता नभएका फर्म, कम्पनि, सप्लार्य, आपूर्तिकर्ताको दरभाउपत्र प्रतिस्पर्धाको लागि मान्य हुनेछैन ।

७ दरभाउ पत्र सम्वन्धि अन्य कुराहरु बुझ्न परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७४/१२/१

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत